बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

परिपत्र नं. २०

बी.स.९७ (२०७६/०७७) च.नं. ४०३३

मिति: २०७६/१२/१६

**श्री ईजाजतपत्र प्राप्त सबै जीवन बीमा कम्पनीहरु,**

विषय: **कार्यन्वयन गर्ने सम्बन्धमा।**

वैदेशिक रोजगारीका लगि विदेश जाने नेपाली नागरिकले अनलाइन प्रणालीबाट समेत सेवा सुविधा प्राप्त गर्ने तथा उनीहरुको हित तथा सुरक्षा समेतलाई दृष्टिगत गरी निम्नानुसारका नीतिगत व्यवस्थाहरु कार्यान्वयन गर्न निर्देशन गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गरिन्छ :-

(क) वैदेशिक रोजगार म्यादी जीवन बीमा पोलिसी जारी गर्दा लाग्ने बीमाशुल्क वैदेशिक रोजगारीमा जान चाहाने व्यक्तिबाट नगद, बैँक चेकका अतिरिक्त अनलाइन प्रणालीबाट समेत भुक्तानी गर्ने व्यवस्था गर्नुहुन,

(ख) वैदेशिक रोजगारमा जाने सेवाग्राहीको चाप र भौगोलिक समावेशिता समेतलाई मध्यनजर गरी सहजै सेवा प्राप्त हुने गरी व्यवस्था गर्नुहुन,

(ग) वैदेशिक रोजगारीमा जाने व्याक्तिहरुको इलेक्ट्रोनिक प्रस्ताव फारमलाई मान्य हुने गरी बीमालेख जारी गर्दा विद्यमान कानूनी व्यवस्था समेतलाई मध्यनजर गरी प्रिन्ट कपी सहित आवश्यकताअनुसार डिजिटल/इलेक्ट्रोनिक्स बीमालेख समेत जारी हुने गरी व्यवस्था गर्नुहुन,

(घ) वैदेशिक रोजगारमा जाने व्याक्तिहरुको सुरक्षा समेतलाई दृष्टिगत गरी निजले श्रम स्वीकृति प्राप्त गरी विदेश प्रस्थान गर्नु अघि तीन (३) महिना र बीमा अवधि समाप्त नहुदै अर्को भिसाका लागि प्रोसेसिङ्ग गर्न लाग्ने तीन (३) महिना समेत गरी थप छ(६) महिना मात्र लागु हुने गरी बीमा गर्ने व्यवस्था गर्ने। साथै, विद्यमानमा कायम रहेको थप एक(१) वर्षको सट्टा छ (६) महिना मात्र समयावधि रहने भएकोले बीमाशुल्क निर्धारण गर्दा छ (६) महिनाको समानुपातिक रुपमा संकलन गर्ने व्यवस्था गर्नुहुन (सो को दर तालिका यसै साथ संलग्न छ),

(ङ) विदेशस्थित नेपाली कुटनैतिक नियोगबाट पुनःश्रम स्वीकृतिको लागि आवेदन गर्दा बीमा अवधि थप गर्नका लागि तिर्नुपर्ने बीमाशुल्क अनलाइन सेवाप्रदायक मार्फत तिर्न सक्ने गरी व्यवस्था मिलाउनु हुन,

(च) उपरोक्त बमोजिमको सेवा संचालन गर्दा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग र समिति समक्ष आवश्यकता अनुसार समन्वय गर्ने व्यवस्था गर्नुहुन।

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**

श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति।

श्री नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग।

बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

# तालिका

## वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेखको लागि बीमाशूल्क रकम (रुपैंयामा)

लागु मिति:२०७६ साल चैत

(बीमाङ्क रकम रु.१० लाख)

| बीमा अवधि | उमेर समूह | | | | घातक रोग वापतको बीमाङ्क रु. पाँच लाखको बीमाशूल्क (सबै उमेर समूहको लागि) |
|---|---|---|---|---|---|
| | १८ वर्ष देखि ३५ वर्ष सम्म | ३६ वर्ष देखि ५० वर्ष सम्म | ५१ वर्ष देखि ६४ वर्ष सम्म | कैफियत | |
| १ | १,४८६ | २,१७५ | ५,०७६ | ६४ वर्ष भन्दा माथिको बीमाशूल्क बीमकले निर्धारण गरे बमोजिम हुने। तर यस्तो थप बीमाशूल्क ५१ देखि ६४ वर्षसम्मको उमेर समूहको बीमाशूल्कको ५० प्रतिशत भन्दा बढी हुने छैन। | रु. ४००/- |
| १.५ | २,२२९ | ३,२६३ | ७,६१४ | | |
| २ | २,६४६ | ३,६२५ | ७,२५० | | |
| २.५ | ३,३०८ | ४,५३१ | ९,०६३ | | |
| ३ | ३,५२४ | ४,९३० | ९,५७० | | |
| ३.५ | ४,१११ | ५,७५२ | ११,१६५ | | |
| ४ | ४,४२३ | ६,०९० | १२,०३५ | | |
| ४.५ | ४,९७६ | ६,८५१ | १३,५३९ | | |
| ५ | ५,१४८ | ७,१०५ | १४,५०० | | |
| ५.५ | ५,६६३ | ७,८१६ | १५,९५० | | |
| ६ | ५,७२८ | ८,४११ | १६,८२० | | |
| ६.५ | ६,२०५ | ९,११२ | १८,२२२ | | |

बीमा समिति-२०४९ Insurance Board-1992